Government of Nepal Scholarships 2012 – MOE
BAMS, BSc Forestry, BPharm, BPH, BSc MLT, BN

nepal scholarships
www.NepalScholarships.com

गोरखापत्र
Website : http://www.gorkhapatra.org.np

नेपाल सरकार
शिक्षा मन्त्रालय
छात्रवृत्ति शाखा

फोन नं. ०१४४१८१६८
Website: www.moe.gov.np

# छात्रवृत्ति छनोट परीक्षाका लागि आवेदन सम्बन्धी सूचना

नेपाल सरकारलाई निशुल्क, आंशिक र स-शुल्क अध्ययनका लागि स्नातक तहका देहायका विषयहरूमा प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि खुल्ला प्रतियोगितावाट उम्मेदवार छनौट गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका नेपाली नागरिकहरुवाट दरखास्त आव्हान गरिएको छ । प्राप्त भएको छात्रवृत्ति मध्ये पैंतालिस प्रतिशत स्थान सामुदायिक विद्यालयवाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका देहायका समुदायका विपन्न व्यक्तिलाई नियमानुसार आरक्षण गरी सो प्रतिशतलाई सतप्रतिशत कायम गरी नियमानुसार वितरण गरिनेछ,

(क) आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि ........................ २५ % मध्ये
 (१) मधेशीका समुदायका लागि ........................ २० %
 (१क) मधेशी समुदायका लागि आरक्षित २० % मध्ये मधेशी दलित समुदायका व्यक्तिलाई ......३ %
 (२) मुस्लिम समुदायका लागि ........................२ %
 (३) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाईते वा निजको सन्ततीका लागि ........................३ %
(ख) महिलाको लागि ........................३३ % मध्ये
 (१) दलित समुदायका महिलाका लागि ........................३ %
 (२) मुस्लिम समुदायका महिलाका लागि ........................२ %
(ग) अपाङ्गको लागि ........................२ %
(घ) जनजातिको लागि ........................२७ %
(ङ) दलितको लागि ........................९ %
(च) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिको लागि ........................४ %

तर आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयवाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयवाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गराइने छ र अन्य विद्यालयवाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका व्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका व्यक्तिलाई उक्त स्थान प्रदान गरिनेछ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

**१.१ आयुर्वेद चिकित्सा विज्ञान स्नातक (BAMS) का लागि**
(क) उत्तरमध्यमा तहको (Physics, Chemistry, Biology, English Subject) परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा,
(ख) प्रवीणता प्रमाणपत्रतह ट्रेडिसनल तथा जनरल मेडिसिन विषयको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको ।

**१.२ वन विज्ञान स्नातक (B Sc Forestry) तहका लागि :-**
वनविज्ञान विषयमा प्रवीणता प्रमाणपत्र तह वा दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तहको फिजिकल समूह (Physics, Chemistry, Mathematics Subject) को परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको ।

**१.३ फार्मेसी स्नातक (B Pharm) तहका लागि :-**
Diploma in Pharmacy वा Pharmacy विषयमा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको ।

**१.४ स्नातक जनस्वास्थ्य (BPH) तहका लागि :-**
Diploma in Public Health वा प्रवीणता प्रमाणपत्र तह जनरल मेडिसिन विषयको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको ।

**१.५ बि.एस्सी एम. एल. टी. (B.Sc. M.L.T.) तहका लागि :-**
तीन वर्षे Diploma in M.L.T. वा मेडिकल ल्याव टेक्नोलोजी विषयमा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको ।

**१.६ ब्याचलर अफ नर्सिङ्ग (B.N.) तहका लागि :-**
मान्यता प्राप्त शिक्षण संस्थावाट Proficiency Certificate Level in Nursing को परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तिमा दुई वर्षको कार्यानुभव भएको ।

२. **दरखास्तसम्बन्धी समयावधि :-** २०६८ पौष १३ गतेदेखि २०६८ पौष १९ गतेसम्म अपरान्ह १:०० वजेदेखि परीक्षा दस्तुर वापत रु. ५००।- ( बैंक दाखिला गरेको राजश्व भौचर पेस गरी छात्रवृत्ति शाखावाट दरखास्त फारम लिन तथा भरी बुझाउन सकिनेछ ।

३. **फारामसम्बन्धी व्यवस्था:-** साधारण तथा आरक्षणका लागि समूहगत रुपमा छुट्टाछुट्टै व्यहोरा तथा रंगमा रहेका आवेदन फाराम प्रयोग गरिने हुँदा आफूले प्रमाण पेश गर्नसक्ने इच्छित समूहका लागि मात्र दरखास्त पेश गर्नु पर्नेछ । आरक्षण तर्फ आवेदन गर्ने सबै उम्मेदवारलाई स्वतः साधारण समूहमा समावेश गरिने छ ।
(क) साधारण समूहमा आवेदन गर्न सेतो रंगको आवेदन फाराम भर्नु पर्नेछ ।
(ख) आरक्षणतर्फ नेपाल भित्रका सामुदायिक (सरकारी) विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको प्रमाण, विपन्नताको सिफारिस र आफू सम्वन्धित समूहको व्यक्ति भएको प्रमाण समेत गरी तीन वटै प्रमाण पेश गर्न सक्ने उम्मेदवारहरुले मात्र निलो रंगको आवेदन फाराम भर्न सक्ने छन् ।
(ग) आरक्षणतर्फ सामुदयिक (सरकारी) विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको भएता पनि सामुदायिक विद्यालयसम्वन्धी प्रमाण वा विपन्नताको सिफारिस पेश गर्न नसक्ने तर आफू सम्वन्धित समूहको व्यक्ति भएको प्रमाण मात्र पेश गर्न सक्ने उम्मेदवारहरु र सामुदायिक विद्यालय वाहेकका अन्य संस्थागत तथा विदेशी विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी आफू सम्वन्धित समूहको व्यक्ति भएको प्रमाण पेश गर्न सक्ने उम्मेदवारहरुले पहेलो रंगको आवेदन फाराम भर्न सक्ने छन् ।

४. दरखास्तसाथ Computer Reading Form भर्दा नमूना फाराम अनुसार भर्नुपर्ने र Form folded, punched, stapled भएको पाइएमा रद्द हुने हुँदा सावधानीसाथ भर्नु पर्नेछ ।

५. **प्रवेशपत्र वितरण :-** २०६८ पौष २१ गते बिहीवार

६. **परीक्षा मिति र समय :-** २०६८ पौष २२ गते शुक्रवार, अपरान्ह १:०० बजेदेखि ।

७. **परीक्षा केन्द्र :-** प्रवेश पत्र वितरणको समयमा जानकारी गराइने छ ।

८. **परीक्षाको किसिम :-** लिखित (बहु वैकल्पिक वस्तुगत)

९. **लिखित परीक्षाको समय :-** दुई घण्टा ।

१०. **लिखित परीक्षाको पाठ्यक्रम र अंकभार:-** लिखित परीक्षाको पाठ्यक्रम नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयको सम्वन्धित विषयको स्नातक तहको पाठ्यक्रममा आधारित हुनेछ । लिखित परीक्षाको पूर्णाङ्क १०० हुनेछ । लिखित परीक्षामा प्रत्येक सही उत्तरका लागि १ अङ्क प्रदान गरिने (+1), गलत उत्तरका लागि ०.२५ अङ्क प्राप्ताङ्कबाट घटाइने (-0.25) र एकभन्दा बढी उत्तरमा चिन्ह लगाएमा कुनै अङ्क प्रदान नगरिने तथा प्राप्ताङ्कबाट अङ्क नघट्ने (±0) प्रावधान रहेको छ ।

११. लिखित परीक्षा उत्तीर्ण परीक्षार्थीहरुको प्राप्ताङ्कमा प्रमाण-पत्र तह वा सो सरहको परीक्षामा प्राप्त गरेको कुल प्रतिशतको पाँच प्रतिशत अङ्क जोड गरी योग्यताक्रम कायम गरिनेछ ।

**१२. आरक्षित सिटमा आवेदन सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक (सरकारी) विद्यालयबाट SLC उत्तीर्ण गरेको हुनुपर्ने ।

(२) आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले (महिला समेत) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्नको कारण खुलाई छात्रवृत्ति सम्बन्धी नियमावली २०६० को अनुसूची १ख. अनुरुपको ढाँचामा मिति २०६८ पुष ११ गते पछि प्रदान गरेको सिफारिस पेश गर्नुपर्ने ।

(३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायको सिफारिस पेश गर्नुपर्नेः-

(क) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस र दर्तावाल चिकित्सकबाट निज Medicine विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस,

(ख) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस,

(ग) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस,

(घ) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सोही स्थानमा हालसम्म स्थायी बसोबास गरेको भनी मिति २०६८ पुष ११ गते पछि प्रदान गरेको सिफारिस ।

(ङ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस ।

(च) मुस्लिम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस ।

(छ) बेपत्ता पारिएका व्यक्ति तथा सहिद (जनयुद्ध, सम्वत् २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन लगायत मुलुकभित्र भएका सबै क्रान्तिको क्रममा बेपत्ता पारिएको वा सहिद) परिवारको एकाघरका सदस्य र जनआन्दोलन-२ का आजीवन अङ्गभङ्ग घाईते (न्युनतम ५० प्रतिशत घाईते) का सन्ततिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस ।

(४) सम्बन्धित आरक्षित समूहका लागि बुँदा नं. ३ अनुरुप तोकिएको व्यहोरा तथा रंगको आवेदन फाराम ।

(५) आरक्षित सिटमा आवेदन सम्बन्धी थप व्यवस्थाः

(१) आरक्षण गरिएको स्थानमा तोकिए बमोजिमका आधारहरु (बुँदा नं. ३ को (ख) बमोजिम) पुरा गरेका समुदाय वा व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका (बुँदा नं. ३ को (ग) बमोजिम) सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने भएको हुँदा सो समुदायका अन्य इच्छुक व्यक्तिले समेत आरक्षणका लागि दरखास्त दिन सक्ने ।

(२) कुनै समूहको लागि छुट्टयाइएको स्थानमा सो समूहको दरखास्त पर्न नआएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो समूहलाई छुट्टयाइएको स्थान स्वतः साधारण समूहमा सर्नेछ ।

१३. म्याद नाघी आएको वा रीत नपुगेको वा निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात संलग्न नभएको आवेदन मन्त्रालयले जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

**१४. दरखास्त साथ उम्मेदवारले अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :**

(क) समूहगत रुपमा तोकिएको व्यहोरा तथा रंगको पूर्णरुपमा भरिएको आवेदन फाराम ।

(ख) एस.एल.सी. वा सो सरहको लब्धाङ्क तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

(ग) तोकिएको विषयमा डिप्लोमा वा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रतिलिपि ।

(घ) नेपाल बाहिरको बोर्ड वा विश्वविद्यालयबाट उत्तीर्ण भएको भए सम्बन्धित बोर्डबाट जारी गरिएको Pass Certificate र समकक्षता निर्धारण भएको पत्रको प्रतिलिपि ।

(ङ) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(च) हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो दरखास्त फारममा टाँस गरेको हुनु पर्नेछ ।

(छ) आरक्षित स्थानका आवेदकहरुले निम्न सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ-

(१) गा.वि.स./न.पा.ले विपन्नताको कारणसमेत खुलाई तोकिएको ढाँचामा मिति २०६८ पौष ११ गतेपछि प्रदान गरेको सिफारिस,

(२) आरक्षित समूहको हो भनी तोकिएको निकायले प्रदान गरेको सिफारिस,

(३) SLC उत्तीर्ण गरेको विद्यालय सामुदायिक (सरकारी) हो भनी जिल्ला शिक्षा कार्यालय वा क्षे.शि.नि. ले प्रदान गरेको सिफारिस ।

(ज) परीक्षा दस्तुर बापत रु ५००।- बुझाएको राजश्व भौचरको सक्कलै प्रति ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र र शैक्षिक योग्यताका प्रमाण पत्रमा नाम, थर, उमेर फरक भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको एउटै व्यक्ति भएको व्यहोराको सिफारिस ।

(ञ) आवेदक कार्यरत कर्मचारी भए विभागिय स्वीकृती पत्र संलग्न गर्नु पर्नेछ ।

(ट) आवेदन फारम बुझाउँदा उल्लिखित सम्पूर्ण कागजातहरुको सक्कल प्रति समेत साथै ल्याउनु अनिवार्य छ, साथै पेस गर्ने प्रतिलिपि पछाडि सक्कल बमोजिम नक्कल ठिक छ भनि आवेदकले हस्ताक्षर गर्नु पर्नेछ।

१५. आवेदन बुझाउँदाका बखत नै आरक्षण सम्बन्धी तोकिएका कागजात बुझाउने उम्मेदवारलाई मात्र आरक्षणको योग्यताक्रममा राखिने छ ।

१६. आवेदन फाराम र Computer Reading form शाखाबाटै उपलब्ध हुनेछ ।

१७. छात्रवृत्तिमा मनोनयनका लागि उम्मेदवारले प्रवेश परीक्षा नतिजाको योग्यताक्रमका अलावा छात्रवृत्ति प्रदान गर्ने विश्वविद्यालय वा निकायले तोकेको न्यूनतम शर्त, योग्यता (श्रेणी, स्तरनिर्धारण, उमेर, प्रतिशत आदि) पुरा गरेको कागजात समेत पेश गर्नु अनिवार्य हुनेछ ।

१८. यस परीक्षाबाट कायम हुने योग्यताक्रम सूचीको म्याद २०६८ साल फाल्गुण मसान्तसम्म रहने छ ।

**आर्थिक वा सामाजिक रुपमा विपन्नको सिफारिस ढाँचा**
**(नमूनाका लागि मात्र)**

अनुसूची-१ख.
(नियम १३क. को उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा मन्त्रालय
केशरमहल, काठमाडौं ।

विषय : विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ................................ को नाति/नातिनी श्री ........................ को छोरा/छोरी ............ जिल्ला ........................ गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा.______वडा बस्ने वर्ष ___ को श्री/सुश्री/श्रीमती ______________________ मिति ____ देखि ____ सम्म ____ सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ______________________ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि सुरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

सिफारिस गर्नेको-

नाम थरः — पदः

सहीः — कार्यालयः

मितिः — कार्यालयको छापः

nepal scholarships
www.NepalScholarships.com